# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०६।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला जुम्ला, चन्दननाथ, नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख खरिदार राजेन्द्र बहादुर भण्डारीले सामाजिक सुरक्षा भत्तासमेतको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा खरिदार राजेन्द्र बहादुर भण्डारीले आ.व. २०७४।०७५ देखि आ.व. २०७६।०७७ सम्म सामाजिक सुरक्षा भत्ता बैंकमार्फत लाभग्राहीको खातामा जम्मा गर्नुपर्नेमा, कार्यालयको नामबाट बैंकलाई पत्र आफैं लेखी दस्तखत गरी बैंकहरुमा पत्राचार गरी रु.२०,७८,६००।- आफ्नो तथा आफ्नो नाबालक छोराको व्यक्तिगत खातामा सामाजिक सुरक्षा भत्ता अनियमितरुपले जम्मा गरी सो रकम जम्मा भएको केही दिन पछि नै पटक-पटक निजले आफैले भुक्तानी लिई खाईमासी गैरकानूनी लाभ लिने वदनियतका साथ कार्य गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई नेपाल सरकारबाट प्राप्त हुने सरकारी लाभबाट वन्चित गरी आफ्नो व्यक्तिगत हितमा रकम खर्च गरी सरकारी रकम हिनामिना गरेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले निज राजेन्द्र बहादुर भण्डारीलाई बिगो रु.२०,७८,६००।—(बीस लाख अठहत्तर हजार छ सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी